# रैनादेवी छहरा गाउँपालिका

## छहरा, पाल्पा

## वार्षिक कार्य प्रगति विवरण, २०८०

मिति:२०८०/०२/०७

रैनादेवी छहरा गाउँपालिकावासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरू,

स्थानीय तह निर्वाचन, २०७९ मा निर्वाचित भई रैनादेवी छहरा गाउँसरकारले कार्यभार ग्रहण गरी जिम्मेवारी बहन गरेको एक वर्ष पुरा भएको छ। हामी रैनादेवी छहरामा आर्थिक, सामाजिक, भौतिक, वातावरणीय लगायतका क्षेत्रमा रहेका समस्याहरूलाई उचित रूपमा संबोधन गर्दै गाउँपालिकाको दिगो विकास र समृद्धिप्रति प्रतिबद्ध छौं। गाउँपालिका तथा मातहतका कार्यालयबाट दैनिक रूपमा सेवाग्राहीहरूलाई प्रदान गरिने सेवालाई छरितो, पारदर्शि र प्रभावकारी ढङ्गबाट प्रवाह गर्दै सुशासनको प्रत्याभूति दिलाउन लागिपरेका छौं। सीमित साधन स्रोतको बाबजुद प्रभावकारी व्यवस्थापन गर्दै आन्तरिक आयमा वृद्धि गर्न, ग्रामीण क्षेत्रका नागरिकहरूलाई विकासका लाभहरूसँग जोड्दै जीवनस्तर सुरधार गर्ने गरी अगाडि बढेका छौं।

कार्यभार ग्रहण गरे पश्चात रैनादेवी छहरा गाउँसरकारको एक वर्षको कार्यकालका महत्वपूर्ण कार्यहरू देहाय बमोजिम रहेका छन्।

क. कृषि तथा पशुपन्छी विकास

१. गाउँपालिकाका विभिन्न वडाहरूमा कागती खेती क्षेत्र विस्तार कार्यक्रम, सुन्तला पकेट क्षेत्र, तरकारी पकेट क्षेत्रका कार्यक्रमहरू सञ्चालन भईरहेका छन्। लोकल कुखुरा, बंगुर र माछा पालक कृषकलाई प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालनमा रहेको छ। गाउँपालिकामा कार्यरत कृषि/पशु प्राविधिकहरूद्वारा बाख्रापालक कृषकको घर-घरमै पुगेर बाख्रालाई पिपिआर खोप तथा बङ्गुरलाई स्वाइन फिभरको दिइएको छ।

२. कृषि तथा पशु सेवा सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि संक्षिप्त कार्यविधि, २०७९ र कृषि तथा पशुपंक्षि फर्म दर्ता कार्यविधि निर्माण भई सोही बमोजिम कार्य भएको छ।

ख. शिक्षा

१. दिवा खाजाको लागि प्राप्त प्रति विद्यार्थी रु. १५ मा गाउँपालिकाबाट रु. ५ थप गरी जम्मा रु. २० कायम गरिएको। पूर्व प्राथमिक तह (ECD) सहजकर्ताहरूलाई रु. ५००० गाउँपालिकाबाट थप गरी मासिक तलब रु.१५०००, लेखा कर्मचारीहरूलाई गाउँपालिकाबाट रु. ३५०० थप गरी मासिक तलब रु.१७०००, कार्यालय सहयोगीलाई रु. ७००० थप गरी मासिक तलब रु.१५००० र सामुदायिक सिकाई केन्द्रका कर्मचारीको मासिक तलब रु.१५००० कायम गरिएको।

२. कक्षा १-३ को स्थानीय पाठ्यक्रम निर्माण गरी लागु भएको र आ.व. २०७९/८० मा कक्षा १-३ र कक्षा ४-५ को पाठ्यक्रम निर्माणको क्रममा रहेको। गाउँपालिका भित्रका विद्यालयहरूमा शैक्षिक कार्यक्रममा एकरूपता ल्याउन शैक्षिक वर्ष २०८० को लागि

शैक्षिक क्यालेण्डर वितरण गरिएको। पूर्व प्राथमिक तहमा अध्यापनरत सहजकर्ताहरूलाई २ दिने क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिएको र विद्यालयहरूलाई सिकाई सामग्री प्रदान गरिएको छ।

ग. स्वास्थ्य

१. वडागत रूपमा एकीकृत निःशुल्क घुम्ती स्वास्थ्य शिविर, अंपागता परिचय पत्र वितरण कार्यक्रम सञ्चालन गरिएको। उक्त कार्यक्रमबाट १३६५ जनाले सेवा प्राप्त गरेका छन् र उक्त स्वास्थ्य शिविरमा आँखाको समस्या भई नाम दर्ता गराउनुभएका व्यक्तिहरूलाई पाल्पा लायन्स लाकौल आँखा अस्पतालको सहयोगमा निःशुल्क आँखा शिविर सञ्चालन गरी २० जनाको आँखाको शल्यक्रिया गरिएको थियो।

२. गाउँपालिकाको नमुना विद्यालयमा विद्यालय नर्स कार्यक्रम मार्फत एक जना नर्सिङ्ग कर्मचारी विद्यालयमै रहने गरी व्यवस्थापन गरिएको छ। यस कार्यक्रम मार्फत विद्यार्थीहरूले सामान्य उपचार र किशोर किशोरीहरूले प्रजनन् स्वास्थ्य सम्बन्धी सेवा प्राप्त गरिरहेका छन्।

३. ८ नं वडा सत्यवतीमा जिल्ला स्वास्थ्य कार्यालय, पाल्पाको सहयोगमा प्रजनन् स्वास्थ्य सम्बन्धी शिविर सञ्चालन गरिएको छ। उक्त शिविरमा १५० जनाले सेवा लिएका थिए जसमध्ये ७० जनामा इम्प्लान्ट राखेको, ८ जनाको भ्यासेक्टोमि गरिएको थियो। ३ नं वडा भुवनपोखरीमा क्षयरोग सम्बन्धी निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको छ। गर्भवती महिलाहरूलाई लक्षित गरी सम्पूर्ण स्वास्थ्य चौकीहरूमा मासिक रूपमा ग्रामीण अल्ट्रासाउन्ड (Rural USG) सञ्चालन भईरहेको छ।

घ. खानेपानी

१. १ नं वडाको तल्लो असारे र माथिल्लो असारेमा लिफ्टिङ खानेपानी योजनाहरू सम्पन्न गरी सञ्चालनमा आएको छ। ६ नं वडामा रहेको नेपाने लिफ्ट खानेपानीको कार्य सम्पन्न भएको छ र भट्टे लिफ्टको काम अन्तिम चरणमा पुगेको छ।

ङ. सामाजिक सुरक्षा तथा समावेशीकरण

१. घ वर्गको अपाङ्गता परिचयपत्र भएका व्यक्तिहरूलाई मासिक रु.२५० का दरले सामाजिक सुरक्षा भत्ता उपलब्ध गराईएको। ज्येष्ठ नागरिकहरूलाई लक्षित गरी प्रत्येक वडामा रहेका स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीहरूद्वारा घर घरमै पुगेर स्वास्थ्य चेक जाँच सेवा प्रदान गरिएको छ।

च. सहकारी

१. सहकारी संस्थालाई उत्पादन तथा बजारीकरणको आधारमा ढुवानी वापत दिईने अनुदान कार्यक्रम अन्तर्गत दुधमा प्रति लिटर १ रुपैयाँ ५० पैसा बाट बढाई रु.२, तरकारीमा प्रति केजी १ रुपैयाँ ५० पैसा बाट बढाई रु.२ र मासु प्रति केजीमा रु.२० का दरले अनुदान रकम दिने गरिएको छ। सहकारी संस्थाहरूसँग कोपोमिस प्रणालीमा आबद्धता सम्बन्धी अन्तरक्रिया र सहकार्य गरिएको छ।

छ. युवा तथा खेलकुद

१. गाउँपालिकाका युवाहरूलाई रोजगारसँग जोड्नको लागि युवासँग उपाध्यक्ष कार्यक्रम अन्तर्गत शिक्षक सेवा आगोगको प्रा.वि. तहको तयारी कक्षा सञ्चालन भईरहेको छ।

ज. संस्कृति संरक्षण

१. ऐतिहासिक महत्व बोकेको रैनादेवी मन्दिर पुनःनिर्माणको लागि ठेक्का सम्झौता भई निर्माण कार्य अगाडि बढेको छ। कटौजेपानीमा कोजाग्रत पूर्णिमाको अवसरमा चल्ने सरायँ मेला तथा भुवनपोखरीको रैनादेवी मन्दिर परिसरमा लाग्ने न्वागी मेला सम्पन्न गर्न सहजीकरण गरेको ।

झ. पूर्वाधार विकास

१. सुन्दरेढुंगा-जुठापौवा-सालझण्डी मोटरबाटो अन्तर्गत सुन्दरेढुङ्गा-नेपाने खण्डको ३ कि.मि. कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ। वडा भवन (४ नं) — धजाबान्ने — ताङसिंगल - सातमुरे मोटर बाटो कार्यान्वयन प्रगतिमा रहेको (चालु आ.व.को कार्य सम्पन्न) छ। पेलाबास-बल्घा - अर्घाखाँची मो.बा. निर्माण कार्य अगाडी बढेको छ। ४ नं वडाको तिलकथान पार्कमा नेपाली सेनाको सहयोगमा हेलिप्याड निर्माण कार्य सम्पन्न भएको छ।

२. चालु सडक मर्मत सम्पन्न भएको(मैदिगा-छहरा सडक खण्डमा लोकल ग्राभेल गरी मर्मत सम्भार गरेको)। लुम्बिनी प्रदेश सरकारबाट सडक सरसफाइ तथा मर्मत सम्भारमा खटिएका लेन्थमेनहरूलाई प्रोत्साहन स्वरूप न्यानो कपडा वितरण गरिएको छ। उपभोक्ता समितिका पदाधिकारीहरूलाई सहज रूपमा योजना कार्यान्वयन गराउनका लागि वडास्तरमा तालिम सञ्चलान गरिएको छ साथै उपभोक्ताको सहजतालाई ध्यानमा राखि गाउँपालिकाबाट कर्मचारीहरू वडामै पुगेर योजना सम्झौता पनि गरिएको छ।

ञ. वन तथा वातावरण

१. पालिकाभित्रका सामुदायिक वनका उपभोक्ता समूहका पदाधिकारीहरूसँग उपभोक्ता समूहका समस्या र तिनका समाधानका विषयमा अन्तरक्रिया कार्यक्रम गरिएको छ। स्थानीय वन ऐन र खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन गाउँसभाबाट पारित गरी कार्यान्वयनमा ल्याईएको छ। गाउँपालिकाका बजार क्षेत्रहरूको फोहोरमैला व्यवस्थापन सम्बन्धमा सर्वपक्षिय भेला सम्पन्न गरी समस्या समाधान गर्न कार्यदल गठन गरिएको छ। समृद्धिका लागि वन परियोजना अन्तर्गत गाउँपालिका छनौट भई कार्यक्रम कार्यान्वयनको चरणमा रहेको छ।

ट. विविध

१. गाउँपालिकाको ८ वटै वडामा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिएको छ। घरेलु तथा साना उद्योग कार्यालय तथा जिल्ला प्रशासन कार्यालयबाट सञ्चालन भएको बजार अनुगमन कार्यक्रमको सहजीकरण गरिएको छ। गाउँपालिकाका जग्गालाई कृषि र गैर कृषि क्षेत्रमा वर्गीकरण गरी भू-उपयोग मापदण्ड तयार गरिएको। गाउँपालिकाको मुख्य

सडकहरूमा सडकको क्षेत्राधिकारमा पर्ने गरी राखिएका सामग्रीहरू तथा अस्थायि संरचनाहरू हटाउनको लागि पालिकाबाट सूचना जारी गरी सडकको क्षेत्राधिकार कायम गरिएको छ।

अन्तमा यस एक वर्षको अवधिमा रैनादेवी छहरा गाउँसरकारलाई सहयोग गर्नुहुने सम्पूर्ण गाउँपालिकावासी, जनप्रतिनिधिहरू, राजनीतिक दलहरू, सङ्घ तथा प्रदेश सरकार, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू, विभिन्न सरकारी कार्यालयहरू, संघसंस्थाहरू, पत्रकारहरूप्रति विशेष आभार व्यक्त गर्दछु। आगामी दिनहरूमा पनि सम्पूर्ण सरोकारवालाहरूको अमूल्य साथ र सहयोगको अपेक्षा गर्दछु। धन्यवाद!

रुक्माङ्गत भट्टराई
अध्यक्ष
रैनादेवी छहरा गाउँपालिका, पाल्पा